जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १९३ | २०७८ साल फागुन १९ गते बिहीबार (3 Mar. 2022 Thursday) | मूल्य रु. ५/-

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

➢ जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
➢ जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
➢ घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : स्वदेश ल्याइयो हराएका... ३ पृष्ठमा : युक्रेनमा जारी तनाव हटाउनका... ३ पृष्ठमा : सदस्यताका लागि युद्ध ...

# काँग्रेस सप्तरीको सभापतिका लागि शत्रुधन र रामदेवले गराए मनोनयन पत्र दर्ता



शत्रुधन यादव



रामदेव साह

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**
यही फागुन २० गते हुने नेपाली काँग्रेस सप्तरी जिल्ला अधिवेशनका लागि सभापति पदमा शत्रुधन प्रसाद यादव र रामदेब साहले मनोनयन पत्र दर्ता गराएका छन् ।

प्यानलसहित संस्थापन पक्षबटा वर्तमान सचिव समेत रहेका यादव र इतर पक्षका साहले बुधबार मनोनयन पत्र दर्ता गराएका हुन् ।

संस्थापन पक्षबाट सभापति पदमा उम्मेदवारी दिएका शत्रुधनलाई वर्तमान सभापति समेत रहेका केन्द्रिय सदस्य दिनेश कुमार यादवको समर्थन रहेको छ भने शेखर कोइराला पक्षबाट उम्मेदवारी दिएका रामदेबलाई संघीय सांसद तेजुलाल चौधरीको समर्थन रहेको छ ।

शत्रुधनको प्यानलबाट उपसभापतिमा रामप्रसाद मंडल र फत्ते महम्मद, सचिवका प्रभुनारायण चौधरी र सनतकुमार मण्डल तथा

*बाँकी अन्तिम पृष्ठमा*

# सप्तरीको अग्निसाइरमा निर्वाचनको माहौल तात्दै

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**
आगामी बैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनका लागि सप्तरीको १८ वटै स्थानिय तहमा निर्वाचनको माहौल तातिदै गएको छ ।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकामा नेपाली काँग्रेसबाट निर्वाचित भएका वर्तमान गाउँपालिका अध्यक्ष पर्शुराम चौधरीका साथै तेजनारायण यादव, रोशन मण्डल लगायत आधा दर्जन आकांक्षी देखिएको काँग्रेस जिल्ला सभापति समेत रहेका केन्द्रिय सदस्य दिनेश कुमार यादवले जानकारी दिएका छन् ।

गाउँपालिका अध्यक्ष पर्शराम चौधरीले आफ्नो कार्यकालमा गाउँपालिकालाई समृद्ध बनाउन धेरै काम गरेको दाबी गर्दै फेरी पनि आफूले अवसर र जनताको साथ पाउने विश्वास व्यक्त गरेका छन् ।

सो गाउँपालिकाको अध्यक्ष पदका लागि नेकपा एमालेबाट अध्यक्ष पदका लागि हाल दिनानाथ चौधरी, बद्रीनारायण चौधरी, बिनोद चौधरी र रामनारायण महतोले इच्छा जाहेर गरेको पार्टीका जिल्ला अध्यक्ष ताराकान्त चौधरीले बताए ।

यस्तै आसन्न निर्वाचनलाई मध्यनजर गर्दै नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि गृह कार्य थालेको छ ।

जसपा सप्तरीका अध्यक्ष केदार यादवका अनुसार अध्यक्ष पदका लागि मिलन चौधरी, रामदेव यादव, सत्यनारायण चौधरी र अशोक चौधरी आकाक्षि देखिएका छन् ।

यस्तै लोसपाबाट बिजय यादव र तेजनारायण यादव, नेकपा एकीकृत समाजवादीबाट अर्जुन कोइराला, बिद्ययानन्द लेखी, दिपनारायण चौधरी र पुष्पराज बन्जराले अध्यक्ष पदको दाबेदारी प्रस्तुत गर्दै सकृयता बढाएका छन् ।

नेकपा माओवादी केन्द्रबाट भगवती चौधरी र बेचन चौधरीले दाबेदारी प्रस्तुत गरेको पार्टीका जिल्ला इन्चार्ज अशोक कमार मण्डल अमरले बताए । जनमत पार्टीको तर्फबाट ललित यादव र सन्तोष चौधरीले अध्यक्ष पदका लागि दाबेदारी प्रस्तुत गरेको जिल्ला सचिव थानेश्वर साहले जानकारी दिएका छन् ।

६ वडा र १९ हजार ९६ मतदाता रहेको सो गाउँपालिकामा यस पटक तिब्र प्रतिस्पर्धा हुने स्थानियहरुको भनाई छ ।


# बोदेबसाईन नगरपालिकाको प्रशासकीय भवन निर्माण

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**
सप्तरीको बोदेबसाईन नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ । पाँच करोड ९७ लाख ३१ हजार ५११ को लागतमा नगरपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरिएको जनाइएको छ ।


अन्डरग्राउडसहित चार तले निर्माण गरिएको भवन प्रशासन, बैठक कक्ष, मेडिकल प्रयोगशाला, राजनीतिक पदाधिकारी तथा कर्मचारी बस्ने कोठा, पार्किङ, शैचालय, लिफ्ट र आपाङ्तामैत्री शौचालय तथा चमेना गृहलगायत संरचना बनाइएको व्यवस्थित इन्जिनीयर बिनोद साहले जानकारी दिएका छन् ।

नगरपालिकाको प्रशासकीय भवन बनाउन नगर प्रमुख आतेशकुमार सिंह यादवले १० कठ्ठा जग्गा निःशुल्क दान गरेका थिए । मंगलबार मात्रै महाशिवरात्रि पर्वको अवसरमा नगरप्रमुख यादव र निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादवले वडाध्यक्ष तथा कर्मचारीको उपस्थितिमा गृह

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# सम्पादकीय

## यूवाशक्तिलाई प्रयोग गरौं

विश्वको कुनै पनि देशमा विकासका लागि युवा शक्तिलाई अहम मानिन्छ । देश निर्माणदेखी आन्तरिक कार्यहरुमा यूवाहरुको महत्वपूर्ण भुमिका हुने गर्छ । समाज, टोल, नगर, गाउँ, जिल्ला, प्रदेश वा राष्ट्रको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न सक्नुपर्छ । अनिमात्र विकासीय कार्यले गति लिन सक्दछ ।

देश निर्माणको कार्य भनेको जनचेतना, जनजागरण, जागरुक, शिक्षालाई पनि सम्झनु पर्दछ । हो यस्ता क्षेत्रमा नयाँ नयाँ प्रवृद्धिमार्फत यूवालाई परिचालन गरेर विकास गर्न सकिन्छ । सामाजमा कुनै परिवर्तन ल्याउनका लागि अहिलेको परिवेशमा यूवाहरु नै उत्तमक विकल्प समेत रहेको छ । उनीहरुको जोश, जागर र महिनेतले सामाजमा परिवर्तन ल्याउन सक्दछ । मात्र यूवाहरुलाई राजनैतिक दलहरुले आफ्नो स्वार्थपूर्तीका लागि आन्दोलनमा प्रयोग गर्न उचित हुँदैन् । उनीहरुलाई उचित प्रशिक्षण दिएर सीपमुलक कार्यमा लगाएमा समाज परिवर्तनको सम्वाहकको रुपमा प्रयोग गर्नसकिन्छ ।

नेपालमा भने यूवाहरुलाई राजनीतिक दलहरुले आफ्नो इसारामा प्रयोग गर्ने प्रबृती समेत बढेको छ । तसर्थ यूवाहरु समाज परिवर्तनका लागि एउटा उचित माध्यम रहेकाले उनीहरुप्रति गम्भिर भएर राज्यले सही काममा प्रयोग गर्न उत्प्रेरित गर्न सक्नुपर्छ ।

# स्वदेश ल्याइयो हराएका पुरातात्विक सम्पदा

**नारायण ढुङ्गाना**
काठमाडौं, १८ फागुन (रासस) ।

नेपालको चौधौँदेखि १७ औं सताब्दीका पुरातात्विक सम्पदा स्वदेश ल्याइएको छ । चोरी गरी अमेरिका पुर्‍याइएका सम्पदाले सयौं वर्षपछि उत्पत्तिस्थलमा आइपुगेको छ । अमेरिकाबाट ल्याइएको तीन थान सम्पदा एक समारोहका बीच बुधबार पुरातात्विक विभागलाई हस्तान्तरण गरिएको छ । हस्तान्तरण समारोहमा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले र सचिव महेश्वर न्यौपानेको उपस्थिति थियो ।

अमेरिकाको एक सङ्गहालय र एक ग्यालरीमा राखिएका उक्त (तीन थान) सम्पदा कूटनीतिक पहल गरी स्वदेश ल्याइएको छ । यसरी ल्याइएकामा काठको कलात्मक तोरण, उडिरहेको गन्धर्वको आकृति कुँदिएको काष्ठकला र मल्लकालीन ध्यानमुद्रामा रहेको प्रस्तरको बुद्धको मूर्ति रहेको छ ।

फिर्ता गरिएका पुरातात्विक महत्वका तीन वस्तुमध्ये 'रुबिन म्युजियम अफ आर्ट' अमेरिकाबाट प्राप्त भएका दुई वटा छन् । जसमध्ये एउटा सत्रौं सताब्दीको कलात्मक काष्टतोरण रहेको छ, जुन ललितपुरको यम्पीमहाविहार (इबही) को प्रवेशद्वारमाथि रहकोमा मर्मत गर्ने क्रममा झिकिएको थियो । सन् १९८५ पछि कुनै वर्ष उक्त वस्तु चोरी भएको थियो ।

अर्को १४औं शताब्दीतिरको उडिरहेको गन्धर्वको आकृति कुँदिएको काठको कलात्मक वस्तु रहेको छ । उक्त सम्पदा काठमाडौँ महानगरपालिका-२४ को इटुम्बहाल परिसरमा रहेको शाक्यको कुलपूजा गर्ने देवाली घरको अगाडि पहिलो तलामा रहेको दायाँतर्फको झ्यालमा रहेको थियो ।

सन् १९९७ मा उक्त सम्पदा हराएको थियो । यसरी हराएको सम्पदा विभिन्न माध्यम हुँदै अन्त्यमा दातामार्फत उपहारको रुपमा अमेरिकाको उक्त सङ्ग्रहालयमा पुगेको पाइएको छ । उक्त वस्तु फिर्ताका लागि म्युजिएमले आफ्नै प्रयासमा अध्ययन गरी स्वेच्छिकरूपमा दिने आशय प्रकट गरेपछि कूटनीतिक पलहमा ल्याइएको हो । सम्पदा लिएर उक्त म्युजिएमका कार्यकारी निर्देशक जारिट वित्स्ची र उक्त सङ्ग्रहालयका प्रबन्ध निर्देशक मिचेल बेनेट सिमोरेल्ला आउनुभएको थियो । सङ्ग्रहालयले आफ्नै खर्चमा सम्पदा ल्याएको जानकारी गराइएको छ ।

त्यस्तै अर्को एउटा भने अमेरिकाको न्युयोर्कस्थित तिबेत हाउस ग्यालरीबाट ल्याइएको हो । १३औं सताब्दीको मल्लकालीन ध्यानमुद्रामा रहेको प्रस्तरको बुद्धको मूर्ति रहेको छ । उक्त मूर्ति श्री सभानन्दा नामका बौद्ध अनुयायीले उक्त स्थानमा संरक्षण गरी राख्नु भनी उपहारस्वरूप छाडेर गएका पाइएको छ । उक्त मूर्ति काठमाडौँको ओमबहालस्थित न्हुछेबहाको रहेको छपाइएको छ । त्यहाँबाट कसैले चारी गरी लगेको थियो । उक्त मूर्तिको मूल्य ३० हजार डलर (रु ३० लाख बढी) रहेको छ ।

१७औं सताब्दीको काठको कलात्मक तोरणको मूल्य एक लाख १० हजार अमेरिकी डलर (रु एक करोड १० लाख बढी) र १४औं सताब्दीको उडिरहेको गन्धर्वको आकृति कुँदिएको काष्ठकला २२ हजार डलर (रु २२ लाख बढी) मूल्यको रहेको पुरातत्व विभागले जनाएको छ ।

विभागद्वारा बुधबार यहाँ आयोजित सम्पदा हस्तान्तरणका क्रममा मन्त्री आलेले सांस्कृतिक धरोहर प्राप्त भएकोमा खुसी व्यक्त गर्दै आफ्नै खर्चमा नेपाल ल्याएर हस्तान्तरण गरेकोमा सङ्ग्रहालयका प्रतिनिधिलाई धन्यवाद दिनुभयो । सचिव न्यौपानेले यस्ता पुरातात्विक तथा ऐतिहासिक सम्पदा विदेशमा अझै रहेकाले त्यसलाई पनि कूटनीतिक पहल गरी ल्याउने प्रयास भइरहेको बताउनुभयो ।

कला सम्पदाले भरिपूर्ण नेपाल सांस्कृतिक पुरातात्विक महत्वका हिसाबले विश्वमै विशिष्ट पहिचान बोकेको मुलुक हो । पहिचानको धरोहरका रूपमा रहेको नेपालका यस्ता सांस्कृतिक सम्पदा नाश हुने क्रम जारी छ । चोरी तस्करी सबैभन्दा ठूलो चुनौतीको रूपमा रहेको छ ।

केही अघिमात्रै ललितपुरको बालकुमारीको मूर्ति चोरी भएकोमा प्रहरीको कडा निगरानीका कारण विदेशी निकासी गर्न नसकेपछि तस्करीले छाडेका अवस्थामा भेटिएको थियो । विगतका वर्षहरूमा भने यति धेरै सुरक्षा निगरानी नहुँदा मूर्ति चोरिएका कुरा स्पष्ट छ ।

*बाँकी तीन पृष्ठमा*

# आगामी निर्वाचनसम्म सबैलाई खोप दिनुपर्छ : अध्यक्ष तिमिल्सिना

काठमाडौं, १८ फागुन (रासस) ।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आगामी निर्वाचनसम्ममा सबै नागरिकलाई कोरोनाविरुद्धको खोपको पूर्ण मात्रा दिलाउनुपर्ने बताउनुभएको छ । उहाँले नेपालका राजनीतिक दलहरूले पनि कोरोना भाइरसविरुद्धको खोपको विषयलाई प्राथमिकताका साथ अघि सार्नुपर्नेमा जोड दिनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र विश्व स्वास्थ्य सङ्गठनले संयुक्त रूपमा आयोजना गरेको कोभिड-१९ विरुद्धको खोपसम्बन्धी जोखिम सञ्चार तथा सामुदायिक सहभागिता विषय अन्तरक्रियामा उहाँले निर्वाचनसम्म नेपाललाई पूर्ण खोपयुक्त घोषणा गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

"सबै जनताले खोप लगाए, सबै कोरोनाबाट बच्न सक्दछन्", उहाँले भन्नुभयो, "जसले गर्दा राजनीतिक दललाई पनि फाइदा हुन्छ, त्यसैले अझ सक्रिय भएर खोपको सन्देश लिएर जनता समक्ष जाऔं ।" उहाँले खोप नलगाउने जनतालाई खोप लगाउन आग्रह गर्नुपर्ने बताउनुभयो । उहाँले सीमित साधनस्रोतका बाबजुद नेपालले कोरोना भाइरस रोकथाम र नियन्त्रण गरेको बताउनुभयो ।

स्वास्थ्यमन्त्री बिरोध खतिवडाले अर्को महिनाबाट पाँचदेखि ११ वर्ष उमेर समूहका बालबालिकालाई खोप लगाइने जानकारी दिनुभयो । उहाँले खोप खरिदका लागि पत्रचार गरिसकिएको बताउनुभयो । उहाँले आगामी वैशाखभित्र सबै १२ वर्षदेखि माथिका सबैलाई खोप लगाइसक्नेसमेत जनाउनुभयो ।

यसअघि सरकारले १८ वर्षभन्दा माथि उमेर समूहलाई चैत मसान्तभित्र खोप लगाउने बताएको थियो । उहाँले कोरोना भाइरसविरुद्धको लडाइँमा अहिलेसम्मको अनुभवले अब क्षति नगर्नेसमेत बताउनुभयो । "हामीले कोरोना भाइरस रोकथाम र नियन्त्रणमा जुन किसिमको काम गर्‍यौं, त्यसको अनुभवले अब कोरोनाविरुद्ध लडन सजिलो भएको छ", उहाँले भन्नुभयो ।

स्वास्थ्य सचिव डा रोशन पोखरेलले कोरोना भाइरस रोकथाम सबैको सहयोगबाट मात्र सम्भव भएको बताउनुभयो । विश्व स्वास्थ्य सङ्गठन, नेपालका प्रमुख डा राजेश पाण्डवले कोभिड–१९ले मानिसलाई जीवन परिवर्तन गर्नसक्ने धेरै पाठ सिकाएको बताउनुभयो ।

उहाँले कोभिड-१९ को कारणले हामीले यस्ता महामारी रोक्नका लागि आपत्तकालीन प्रतिकार्य योजनासहित तयार अवस्थामा बस्नुपर्नेमा जोड दिनुभयो ।

*बाँकी अन्तिम पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाइने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के जी पाकेको गोबर मल पयोग गर्ने वा १ ७ के जी डि एपी र १ के जी यूरियापति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राख्ने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रनिधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लांक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डेट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं ९८५२८२०९३५



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# युक्रेनमा जारी तनाव हटाउनका लागि कूटनीतिक पहल गर्न नेपालको अनुरोध

**मधुकर अधिकारी**

वाशिङ्टन डिसी, १८ फागुन (रासस)।

गएको करिब हप्ता दिनदेखि युक्रेनमा जारी रहेको तनाव कम गर्नका लागि कूटनीतिक पहल गर्न नेपालले आग्रह गरेको छ। युक्रेनमा रुसले गरिरहेको आक्रमणका कारण उत्पन्न तनाव कम गर्न शान्तिपूर्ण वार्ताको माध्यम अपनाउन नेपालले आग्रह गरेको हो।

संयुक्त राष्ट्रसङ्घको आपत्कालीन विशेष साधारणसभालाई मुख्यालय न्युयोर्कमा मङ्गलबार सम्बोधन गर्दै राष्ट्रसङ्घका लागि नेपाली स्थायी नियोग प्रमुख अमृत राईले हिंसात्मक आक्रमणले थप हिंसात्मक अवस्था मात्र सिर्जना गर्ने उल्लेख गर्दै कूटनीतिक पहल र शान्तिपूर्ण संवाद मात्र शान्ति स्थापनाको मार्ग रहेको बताउनुभएको हो। उहाँले मङ्गलबार मात्र सरोकारवाला पक्षका बीचमा सुरु भएको शान्ति वार्ताको स्वागत पनि गर्नुभयो। त्यस सम्बोधनका क्रममा उहाँले वार्ताको प्रक्रियालाई निरन्तरता दिन र पुनः कूटनीतिक माध्यमबाट वार्ताको टेबलमा बस्न र हिंसात्मक आक्रमणलाई तत्कालै रोकेर शान्ति स्थापनाका लागि गम्भीर र प्रतिबद्ध हुन अपिल गर्नुभयो।

नियोग प्रमुख राईले युक्रेनमा मानवीय क्षति र मानवीय दुःखका बारेमा नेपालको गम्भीर चासो रहेको उल्लेख गर्दै हाल रुस र युक्रेनका बीचमा जारी रहेको तनावपूर्ण अवस्थालाई अधिकतम लचकताका साथ लाग्न र यसका लागि प्रभावकारी कदम चाल्न अपिलसमेत गर्नुभयो।

उहाँले सो सम्बोधनमा भन्नुभएको छ, "हामी रुस र युक्रेनमा जारी रहेको तनावमा संलग्न पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवतासम्बन्धी कानुनको पालना गर्दै नागरिकको रक्षा गर्न अनुरोध गर्दछौँ र सबै सरोकारवाला पक्षहरूलाई मानवीय कानुनको दायित्वबोध गर्न पनि विशेष रूपमा अपिल गर्दछौँ।"

राजदूत राईले युक्रेनमा रहेका नेपालीहरूको सुरक्षामा गम्भीर चासो रहेको बताउँदै उनीहरूलाई सुरक्षित तरिकाले गन्तव्यतर्फ जाने कार्यमा समन्वय गर्न पनि सम्बद्ध सबैलाई अनुरोध गर्नुभयो।

उहाँले नेपाल सदैव संयुक्त राष्ट्रसङ्घको वडापत्रअनुसार कुनै पनि देशको स्वायत्तता, सार्वभौमसत्ताको सदस्य राष्ट्रहरूले पूर्णरूपमा सम्मान गर्नुपर्ने सिद्धान्तमा अडिग रहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "हामी कुनै पनि देशको क्षेत्र, अधिकारमा कुनै पनि बहानामा धावा बोल्न या शक्तिको प्रयोग गर्दै राजनीतिक स्वतन्त्रताको हनन गर्ने विषयको सदैव विपक्षमा उभिन्छौँ।"

राईले अन्तर्राष्ट्रिय तनावहरूको कूटनीति र संवादबाट मात्र समाधान भएको स्मरण गराउँदै शान्तिको मार्ग पहिल्याउन कहिल्यै ढिलो गर्न नहुने कुरालाई नेपालले सदैव दोहोऱ्याउने र यसमा आफ्नो विश्वास रहेको बताउनुभयो।

गएको शुक्रबारदेखि रुसले युक्रेनमा गरेको सैन्य कारबाहीबाट कैयौँ सैनिक तथा सर्वसाधारण, महिला र बालबालिकाको दुःखद निधन भएको छ। यसको समाधानको बाटो खोज्नका लागि राष्ट्रसङ्घले न्युयोर्कमा विशेष साधारणसभाको आह्वान गरेको छ। यस रुस र युक्रेनका विषयमा राष्ट्रसङ्घीय यस विशेष साधारणसभाले एक विशेष निर्णय गर्दैछ र यस विषयमा बुधबार नै मतदान गर्ने तय गरिएको छ।

### *स्वदेश ल्याइयो ...*

सांस्कृतिक सम्पदाको विशिष्ट गुण, कौतुहल र सौन्दर्यबाट प्रभावित भएर यस्ता सम्पदाको सङ्कलन गर्ने कार्य विगतदेखि नै हुँदै आएको थियो। व्यक्तिले सोखका रूपमा सांस्कृतिक वस्तु बढी रकम तिरेरै राख्ने गर्दछन्। त्यसैले पनि यस्ता वस्तु सुरुआतीकालदेखि नै चोरी तस्करी र अवैध निकासी हुँदै आएको पाइएको छ।

सन् १९५० पूर्व नेपालबाट कति यस्ता वस्तु बाहिरिए त्यसको अभिलेख छैन तर विश्वका विभिन्न प्रख्यात सङ्ग्रहालयमा यस्ता कलात्मक वस्तु रहेको पाइएको छ। हजारौँ सङ्ख्याका वस्तु बाहिरिएको सरकारी अधिकारीसमेत पुष्टि गर्छन्। पर्यटनको विकासका लागि १९७० देखि ९० को दशकमा बढी यस्ता वस्तु निकासी भएको अनुमान छ। हालसम्म बेलायतबाट १९, अष्ट्रियाबाट एक, अमेरिकाबाट १४, तिब्बतबाट १८, कोलकाताबाट १३, जर्मनीबाट एक थान गरी ७६ थान मूर्ति तथा कलात्मक वस्तु फिर्ता ल्याइसकिएको छ। अमेरिका फ्रान्स, बेलायत, अष्ट्रेलियाजस्ता देशबाट अन्य केही वस्तुको फिर्ताका लागि कूटनीतिक पहल भइरहेको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

### सदस्यताका लागि युद्ध रोक्नुपर्ने युरोपियन नेताको भनाइ

ब्रसेल्स, १८ फागुन (रासस/सिन्ह्वा)।

रुस र युक्रेनबीचको युद्ध चर्किएका बेला मंगलबार युरोपियन कमिसनका अध्यक्षले युक्रेनलाई युरोपियन युनियनको सदस्यकताका लागि युद्ध रोकिनुपर्ने बताउनुभएको छ।

उहाँले युक्रेनले युरोपियन युनियनको सदस्यताका लागि आग्रह गरेको प्रसङ्ग उल्लेख गर्दै सो कुरा बताउनुभएको छ।

उहाँले भन्नुभयो, युक्रेनले युरोपियन युनियनको सदस्ताका लागि आग्रह गरेको छ, पक्कै पनि हामी यतिखेर युक्रेनसँग इतिहासमै सबैभन्दा धेरै नजिक भएका छौँ, तर पनि सदस्यता अघि नै त्यहाँ युद्ध रोकिनुपर्छ र यसका कारण हामीले अर्को चरणको प्रक्रिया सुरु गर्नेछौँ।

यता रुसले युक्रेनमा हमला रोकेको छैन। गएको करिब हप्तादिन यतादेखि रुसले युक्रेनमा हमला जारी नै राखेको बताइएको छ।

रुस र युक्रेनका बीचमा पहिलो चरणको शान्ति वार्ता भएको छ। युक्रेन र बेलारुसबीचको सीमामा भएको सो वार्ताबाट कुनै निष्कर्ष भने निस्किएको छैन।

रुसी र युक्रेनी अधिकारीबीच पहिलो चरणको वार्ता सकिएको तर सो वार्ताले कुनै निष्कर्ष भने ननिकालेको अधिकारीहरुले जनाएका छन्।

युक्रेनका अधिकारीले नै यस वार्ताले त्यस्तो कुनै ठूलो नतिजा निकाल्ने अपेक्षा गरिएको बताएका छन्।

रुस पछिल्लो चरणमा वार्ता जारी राख्न सहमत भएको थियो। सोही बमोजिम नै दुवै पक्ष वार्तामा बसेका थिए। रुस र युक्रेनले आगामी केही दिनभित्र नै अर्को उच्चस्तरीय वार्तामा बस्ने बताएका छन्।

रुसले युक्रेनको राजधानी सहर किभका साथै अन्य आवासीय क्षेत्रमा हवाई आक्रमण गरेको छ। रुसले यहाँका आवासीय क्षेत्रहरुमै गोलाबारी गरिरहेको बताइएको छ।

### पाकिस्तानमा ७६५ कोरोनाका नयाँ संक्रमित, २२ को मृत्यु

इस्लामाबाद, १८ फागुन (रासस/सिन्ह्वा)।

पाकिस्तानमा मङ्गलबार कोरोनाका थप ७६५ जना सङ्क्रमित भएका छन्।

गत २४ घण्टामा यहाँ कोरोना सङ्क्रमणका कारण २२ व्यक्तिको मृत्यु भएको नेशनल कमाण्ड एण्ड अपरेसन सेन्टर (एनसीओसी)ले बुधबार जानकारी दिएको छ।

पाकिस्तानमा हालसम्म १५ लाख १० हजार ९८६लाई कोरोना सङ्क्रमण देखापरेको छ। तीमध्ये १४ लाख ४५ हजार २४५ कोरोना भाइरस मुक्त भएका छन्। हाल पाकिस्तानमा ९८१ गम्भीर बिरामीसहित ३५ हजार ५३२ जना सक्रिय सङ्क्रमित रहेका छन्।

गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण थप २२को मृत्यु भएसँगै पाकिस्तानमा कोरक शेनाबाट ज्यान गुमाउनेको सङ्ख्या ३० हजार २१८ पुगेको छ।

पाकिस्तानको दक्षिणी प्रान्त सिन्ध सबैभन्दा बढी कोरोना प्रभावित क्षेत्र हो। यहाँ पाँच लाख ६८ हजार ६३५ कोरोना सङ्क्रमण भएको छ। त्यसपछि पूर्वीप्रान्त पञ्जाबमा पाँच लाख एक हजार ७५८ कोरोना सङ्क्रमण भएको समाचारमा जनाइएको छ।

### भारतमा सात हजार पाँच सयभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, १८ फागुन (रासस/सिन्ह्वा)।

भारतमा पछिल्लो २४ घण्टामा सात हजार ५५४ नयाँ सङ्क्रमित भएका छन्। यसैसँगै भारतमा कोरोना सङ्क्रमितको कूल संख्या चार करोड २९ लाख ३८ हजार ५९९ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधबार जानकारी दिएको छ।

सोही अवधिमा कोरोना सङ्क्रमणको २२३ को कोरोनाभाइरसका कारण मृत्यु भएको अधिकारीले जनाएका छन्। कोरोना शुरुभएबाट हालसम्म भारतमा कोरोनाबाट पाँच लाख १४ हजार २४६ को मृत्यु भएको जनाइएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या ८५ हजार ६८० रहेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। भारतमा गत २४ घण्टामा १४ हजार १२३ कोरोना भाइरस सङ्क्रमण मुक्त भएका छन्।

भारतमा कोरोना शुरु भएबाट हालसम्म चार करोड २३ लाख ३८ हजार ६७३ कोरोना मुक्त भएका समाचारमा जनाइएको छ।

# जनकपुरमा साहित्य महोत्सव

जनकपुर, १८ फागुन (रासस)।
तेस्रो संस्करणको जनकपुर साहित्य महोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ। जनकपुरधामस्थित जानकी मन्दिर परिसरमा बिहीबारदेखि हुने सो महोत्सव यही फागुन २१ गतेसम्म चल्ने आयोजकले जनाएको छ।

महोत्सवबारे जानकारी दिने उद्देश्यले बुधबार आयोजित पत्रकार सम्मेलनमा आयोजक समितिका संयोजक राकेशविक्रम साहले जनकपुरसहित मधेस प्रदेशमा साहित्यक अवस्था, सम्भावनाबारे व्यापक छलफल गरी साहित्यिक क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले साथ आयोजना गर्न लागेको महोत्सवमा देशभरिका ख्यातिप्राप्त स्रष्टाहरूको सहभागिता रहने जानकारी दिनुभयो।

साहित्य महोत्सवअन्तर्गत फागुन २० गते समाजमा विभेद, मधेसमा 'उद्यमी र मधेसको उद्योग तथा शिक्षा संस्कार' विषयक कार्यपत्रमाथि विश्लेषक डा रामेश कोइलारा, प्राध्यापक डा सुष्मा द्विवेदी, विश्लेषक तुलानारायण साह, पवन मण्डल लगायतका विज्ञहरूले छलफल गर्ने कार्यक्रम तय भएको उहाँले बताउनुभयो।

यस्तै फागुन २१ 'महिला र राजनीति' बिषयमा प्रदेशसभा सदस्य मञ्जु यादव, पत्रकार सलमा खातुन, एलिजा ढकाल, चमेलीदेवी दास तथा 'कसको लोकतन्त्र कस्तो लोकतन्त्र' विषयमा राजनीतिज्ञ सरिता गिरी, विश्लेषक सिके लाल र हरि शर्माले टिप्पणी गर्ने कार्यक्रम रहेको आयोजक समितिले जनाएको छ।

त्यस्तै 'मधेस : एक अवसर' विषयक कार्यपत्रमाथि सांसद विनोद चौधरी, राष्ट्रियसभा सदस्य डा बिमला राई पौडेल तथा 'परिवर्तनको सिद्धान्त' विषयमा नेपाली कांग्रेसका महामन्त्री एवम् प्रतिनिधिसभा सदस्य गगन थापाले प्रस्तुति गर्ने कार्यक्रम रहेको आयोजक समितिले जनाएको छ।

साहित्य महोत्सवमा वरिष्ठ साहित्यकार खगेन्द्र सङ्ग्रौलाले 'मधेस, साहित्य र म' विषयमा कार्यक्रम प्रस्तुत गर्ने तय भएको जनाइएको छ।

### काँग्रेस सप्तरीको ...

सहसचिवमा घनश्याम साह घन्सी र मनोज खडगाको उम्मेदवारी दिएका छन्।

रामदेवको प्यानलबाट उपसभापतिमा रामकुमार यादव र ध्रुब नारायण चौधरी, सचिवमा नन्दकिशोर यादव र दुर्गानन्द यादवको उम्मेदवारी परेको छ। सहचिवमा मो. मुश्लिम र रामसुन्दर मण्डलको उम्मेदवारी परेको छ।

निर्वाचन अधिकृत डा. रुद्र शर्माका अनुसार जिल्ला अधिबेशनका लागि कुल २ हजार ५ सय ३५ मतदाता छन्। पार्टी प्रवक्ता प्रभातकुमार ललनले सात पदाधिकारीसहित ८२ सदस्यीय जिल्ला कार्यसमितिका लागि दुबै पक्षले प्यानल बनाएर उम्मेदवारी दर्ता गराएको बताए। गजेन्द्र नारायण सिंह औधोगिक क्षेत्रमा बिहान ८ बजेदेखी मतदान सुरु हुने कार्यक्रम रहेको छ।

### आगामी निर्वाचनसम्म ...

उहाँले कोभिड-१९ को खोप वैज्ञानिकले अहिलेसम्मकै सबैभन्दा छिटो विकास गर्न सफल भएको धारणा राख्नुभयो। उहाँले कोरोना महामारीले परिवारसँग पुनर्रमिलन, परिवारलाई हेरचाह गर्न र शारीरिक, मानसिक, तथा आर्थिक समस्याको सामना गर्न सिकाएको बताउनुभयो।

कार्यक्रममा कोभिड-१९ महामारीका सर्न्दभमा जनस्वास्थ्यका मापदण्ड पछाडिको विज्ञान, कोभिड-१९ विरुद्धको खोप कार्यक्रमका लागि स्वास्थ्य मन्त्रालयको रणनीति, कोभिड-१९ पश्चात देखिने स्वास्थ्य समस्या तथा व्यवस्थापनलगायत विषयमा राष्ट्रियसभाका सदस्यसँग छलफल गरिएको थियो।

यसअघि कर्णाली र सुदूरपश्चिमका प्रदेशसभाका सदस्यलाई पनि कोभिड-१९ र यसले पारेको प्रभावबारे मन्त्रालय तथा डब्लुएचओले प्रशिक्षण दिएको थियो।

# नदीमा पुल बनेपछि स्थानीयवासी हर्षित

जनकपुर, १८ फागुन (रासस)।
लामो समयको प्रतिक्षा पश्चात् पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत सिरहा र सप्तरीको सीमा जोडिएको बलान नदीमा पुल निर्माण भएपछि स्थानीयबासी हर्षित बनेका छन्।

हुलाकी सडकअन्तर्गत सिरहा र सप्तरीलाई जोड्ने बलान नदी पुल निर्माण भएर सञ्चालनमा आएपछि आवागमनमा सहज भएसँगै स्थानीयवासीमा उत्साह बढ्ेको हो। बिगत एक दशकदेखि निर्माणाधीन बलान नदीको पुल निर्माण कम्पनीको लापरबाहीका कारण अलपत्र परेको थियो। उक्त पुल निर्माण लागि दबाबका लागि पटक-पटक स्थानीयवासीले धर्ना तथा अनशनसमेत गरेका थिए।

निरन्तरको दबाब र धमाधम हुलाकी सडक कालोपत्र हुन थालेपछि निर्माण कम्पनीले पुल निर्माण अन्तिमचरणमा पुऱ्याएको सप्तरीको बलान बिहुल गाउँपालिकाका स्थानीयवासी शिवदयाल यादवले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अहिले बलान खोलको पुल ९५ प्रतिशत काम सम्पन्न भएकाले पुलमाथिबाट आवतजावतसमेत सुरु भइसकेको छ।"

पुल नहुँदा वर्षौंदेखि वर्षायाममा सर्वसाधारणले जोखिमपूर्णयात्रा गर्दै आएका सिरहाको भगवानपुरका सरोज साहले बताउनुभयो। बाटोमा माटो ग्राभेलको काम नभएकाले सडक हिलाम्मे बन्दै गएको उहाँको भनाइ छ।

चार सय ७० मिटर लम्बाई पश्चिमबाट १६ स्पान र पूर्बबाट १२ स्पान रहेको नवनिर्मित बलान नदीको पुलको उद्घाट्न औपचारिक रूपमा नभए पनि निर्माण सम्पन्न भएकाले सवारीसाधन चल्न थालेका छन्। पुल निर्माणले बलान नदीको पूर्व सप्तरीको बलानबिहुल गाउँपालिकाको चन्ही र पश्चिम सिरहाको भगवानपुर गाउँपालिकाको कल्याणपुर र भगवानपुरवासीका लागि युग नै परिवर्तन भएको स्थानीयवासीको भनाइ छ।

यस्तै पूर्व राजबिराजदेखि पश्चिम बलानसम्मको सप्तरी खण्डमा करिब २० किलोमिटर सडक कालोपत्र गरिसकेको निर्माण कम्पनी रौता श्रेष्ठ दिवा जेभिका कन्टचाक्ट म्यानेजर कमलप्रसाद यादवले जानकारी दिनुभयो। बाँकी सडकमा समेत कालोपत्र गर्ने स्तरसम्मको काम सकिसकेको र धमाधम कार्य भइरहेको कन्टचाक्ट म्यानेजर यादवले बताउनुभयो। करिब २५ किलोमिटरको सो खण्डमा अहिले ११ पुलको निर्माणकार्य अन्तिम चरणमा पुगेको उहाँको भनाइ छ।

# थप १ सय २७ जनामा संक्रमण पुष्टि

काठमाडौं, १८ फागुन (रासस)।
देशभर पछिल्लो २४ घण्टामा थप १२७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ भने थप तीन जनाले ज्यान गुमाएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय छ हजार ८७४ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७७ हजार १९९ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३९ हजार हजार ४५७ रहेको छ। पछिल्लो समय थप ३२१ सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ५७ हजार ४८८ पुगेको छ।

हालसम्म कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९४१ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप तीन जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। यस सङ्क्रमणबाट मृत्यु हुने दर १.२ प्रतिशत रहेको छ।

त्यसैगरी पछिल्लो समय ३५ हजार ७८८ ले खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ७७० रहेका छन्। हाल होम आइसोलेसनमा सात हजार ५८० रहेका छन्। त्यसैगरी संस्थागत आइसोलेसनमा १९० आइसीयुमा ६८ र भेन्टीलेटरमा १० जनाले उपचार गराइरहेका छन्।

### बोदेबर्साइन ...


प्रवेश पूजा गरे।

न्यू ड्रइगन निर्माण सेवा कोटेश्वर काठमाडौंले दुई बर्षमा कार्य सम्पन्न गर्ने गरी २०७६ माघ १६ गते नगरपालिकासँग सम्झौता गरेको थियो।

# बिहीबार सार्वजनिक बिदा

काठमाडौं, १८ फागुन (रासस)।
सरकारले ग्याल्पो ल्होसारका उपलक्ष्यमा मुलुकभर बुधबार सार्वजनिक बिदा दिएको छ। यही फागुन १६ गते बसेको मन्त्रिपरिषद्को निर्णयानुसार बिदा दिइएको गृह मन्त्रालयले बुधबार एक सूचना जारी गरी जनाएको छ।

"फागुन १९ गते बुधबार ग्याल्पो ल्होसारको उपलक्ष्यमा नेपाल राज्यभरका सबै सरकारी कार्यालय, सार्वजनिक सङ्घ/संस्थाहरूमा सार्वजनिक बिदा दिने नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भएको हुँदा सबैमा जानकारीका लागि सूचना प्रकाशित गरिएको छ", मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ।




अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

➢ खेतबारी तथा उर्वर भूमि बाँझो नराखौं।
➢ भूमिको अधिकतम उपयोग गरौं।
➢ कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं।
➢ भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np